प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

प्रस्तावनाः विपद प्रतिकार्य सम्बन्धी अत्यावश्यक सेवालाई प्रभावकारी र समन्वयात्मक रुपमा सञ्चालन गरी उद्धार, राहत कार्यलाई स्थानीय तहमा सरल र सहज रुपमा व्यवस्थापन गर्न मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रको स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अत्यावश्यक सेवा" भन्नाले विपदका कारण उत्पन्न परिस्थितिको तत्काल गरिने प्रतिकार्य सम्बन्धी आवश्यक सेवालाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ लाई सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्‌लाई सम्झनु पर्छ ।

(ङ) "प्रहरी कार्यालय" भन्नाले सेवा सञ्चालनका लागि तोकिएका प्रदेश प्रहरी कार्यालयका ईकाइलाई सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका महानगरपालिका, उप महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(ज) "सम्बन्धित स्थानीय तह" भन्नाले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालन गरिएका स्थानीय तहलाई सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले दफा ७ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ञ) "सेवा केन्द्र" भन्नाले मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्रलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

### मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था

३. मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना तथा सञ्चालनः (१) स्थानीय तहमा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा केन्द्र स्थानीय तहको स्रोत साधनको अवस्था, उपलब्धता, जोखिमको अवस्था, जनसङ्ख्या समेतलाई मध्यनजर गरी आवश्यक देखिएका स्थानीय तहमा स्थापना गरी सञ्चालन गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको स्थानीय तह मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(४) मन्त्रालयबाट सेवा केन्द्रमा उपलब्ध गराईएका उपकरण लगायतका सामाग्रीको सञ्चालनको लागि आवश्यक इन्धन र उपकरणको मर्मत सम्भारको व्यवस्था गर्ने प्रतिवद्धता सहितको सम्झौता सम्बन्धित स्थानीय तहले मन्त्रालयसँग गर्नु पर्नेछ र त्यस्तो सम्झौता नगर्ने स्थानीय तहमा सेवा केन्द्र सञ्चालन गरिने छैन ।

(५) सेवा केन्द्र चौवीसै घण्टा सञ्चालन हुनेछ ।

४. सेवा केन्द्र सञ्चालन सामग्री सम्बन्धी व्यवस्थाः (१) सेवा केन्द्र सञ्चालनका लागि मन्त्रालयले स्थानीय तहको आवश्यकता तथा माग हेरी एम्बुलेन्स, वारुणयन्त्र, प्रहरी भ्यान, स्ट्रेचर, त्रिपाल, ट्यूव तथा म्याट लगायत अत्यावश्यक सामग्री तथा उपकरण उपलब्ध गराउँदै जानेछ ।

(२) सेवा केन्द्र सञ्चालनका लागि आवश्यक सामग्री तथा उपकरण सम्बन्धित स्थानीय तह आफैले खरीद गर्न तथा प्रचलित कानून बमोजिम अन्य स्रोतबाट समेत प्राप्त गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सेवा केन्द्र सञ्चालनका लागि उपलब्ध भएको एम्बुलेन्स, वारुणयन्त्र र प्रहरी भ्यान सेवा केन्द्रमा रहनेछ ।

(४) सेवा केन्द्रमा रहेका सामग्री तथा उपकरणहरु अत्यावश्यक सेवा बाहेकका अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।

५. निर्देशक तथा अनुगमन समिति सम्बन्धी व्यवस्थाः (१) यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा निर्देशन तथा अनुगमन गर्न देहाय बमोजिमको निर्देशक तथा अनुगमन समिति रहनेछः

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक
(ख) प्रमुख सचिव, प्रदेश सरकार - सदस्य
(ग) प्रदेश सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य
(घ) प्रदेश सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(ङ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(च) प्रदेश सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा अन्य सुरक्षा निकाय, सरकारी निकाय र सम्बन्धित विषयका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको वैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको वैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>निर्देशक तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>: (१) निर्देशक तथा अनुगमन समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सेवा सञ्चालनका लागि आवश्यक कार्य योजना स्वीकृत गर्ने,

(ख) सेवा सञ्चालन कार्यको अनुगमन, मूल्याङ्कन तथा यसको प्रभावकारिता र गुणस्तरीयता कायम गर्न सम्बन्धित निकायहरुलाई आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने,

(ग) सेवा सञ्चालनको अवधारणा, प्रकृया, गुणस्तरीयता, नीति निर्देशन अनुसार कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा सम्बन्धित स्थानीय तह तथा प्रहरी कार्यालय बीच समन्वय गराउने,

(घ) सेवा सञ्चालनलाई प्रभावकारी रुपमा सञ्चालन गर्न अन्य आवश्यक कार्यहरु गर्ने।

(२) निर्देशक तथा अनुगमन समितिले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई आवश्यकता अनुसार सेवा केन्द्रको अनुगमन लगायतका कार्यमा खटाउन सक्नेछ ।

७. <u>सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति</u>: (१) दफा ३ बमोजिमको सेवा केन्द्र सञ्चालन, व्यवस्थापन, समन्वय तथा सहजीकरणको लागि सेवा केन्द्र स्थापना भएका स्थानीय तहमा देहाय बमोजिमको एक सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) सम्बन्धित स्थानीय तहको प्रमुख - अध्यक्ष

(ख) सम्बन्धित स्थानीय तहको उपप्रमुख - सदस्य

(ग) सेवा केन्द्र रहेको वडाको वडा अध्यक्ष - सदस्य

(घ) सेवा केन्द्र रहेको प्रहरी कार्यालयको प्रमुख - सदस्य

(ङ) स्थानीय उद्योग वाणिज्य सङ्घको एक जना प्रतिनिधी - सदस्य

(च) नेपाल रेडक्रस सोसाइटीको प्रतिनिधि - सदस्य

(छ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोके बमोजिम सदस्य सचिवले बोलाउने छ ।

(३) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार अन्य सुरक्षा निकाय तथा अन्य सङ्घसंस्था लगायत विभिन्न क्षेत्रका सरोकारवाला व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. <u>सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>ः (१) सेवा केन्द्र सञ्चालन, व्यवस्थापन, समन्वय तथा सहजिकरणको मुख्य जिम्मेवारी समितिको हुनेछ ।

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार तथा अन्य स्रोतबाट प्राप्त हुने सामग्री तथा उपकरण बुझि लिई आम्दानी बाँधी सोको जानकारी दिने,

(ख) सेवा केन्द्रका लागि उपलब्ध भएका एम्बुलेन्स, वारुणयन्त्र, प्रहरी भ्यान लगायतका अन्य उपकरण सेवा केन्द्रमा रहने व्यवस्था मिलाउने,

(ग) खण्ड (ख) बमोजिम सेवा केन्द्रमा रहेका एम्बुलेन्स, वारुणयन्त्र तथा प्रहरी भ्यान लगायतका उपकरण अत्यावश्यक सेवाका लागि सञ्चालन गर्न प्रहरी कार्यालयलाई आवश्यक निर्देशन दिने,

(घ) सेवा केन्द्र सञ्चालनका लागि प्राप्त एम्बुलेन्स, वारुणयन्त्र तथा प्रहरी भ्यान लगायतका सामग्री तथा उपकरणको चौविसै घण्टा सञ्चालन हुन सक्ने गरी व्यवस्था मिलाउने,

(ङ) सेवा केन्द्रका एम्बुलेन्स, बारुणयन्त्र तथा प्रहरी भ्यान जस्ता उपकरणको सञ्चालनका लागि आवश्यक ईन्धन तथा मर्मत सम्भार सम्बन्धित स्थानीय तहले गर्ने व्यवस्था मिलाउने,

(च) सेवा केन्द्र सञ्चालनका लागि प्रहरी कार्यालय तथा अन्य सुरक्षा निकाय र सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(छ) सेवा केन्द्रका सामग्री तथा उपकरण अन्य स्थानीय तहमा विपद परी सहायता गर्न अति आवश्यक परेको भनी मन्त्रालय, अन्य प्रदेश तथा स्थानीय तहबाट माग भई आएमा आवश्यक समन्वय गरी उपलब्ध गराउने र त्यसरी उपलब्ध गराईएका उपकरणको कार्य सम्पन्न हुनासाथ सम्बन्धित सेवा केन्द्रमा दुरुस्त अवस्थामा फिर्ता गर्नु सम्बन्धित मन्त्रालय, अन्य प्रदेश तथा स्थानीय तहको जिम्मेवारी हुनेछ।

(ज) सेवा सञ्चालनको चौमासिक प्रगति विवरण मन्त्रालयमा पेश गर्ने,

(झ) दफा ५ बमोजिमको निर्देशक तथा अनुगमन समितिले दिएका सुझाव पालना गर्ने गराउने,

(ञ) मन्त्रालयले सेवा केन्द्र सञ्चालनका सम्बन्धमा दिएको निर्देशन पालना गर्ने गराउने ।

(४) अत्यावश्यक सेवाका सामग्री तथा उपकरण तत्काल सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भई समितिको बैठक बोलाउन समय अभाव भएमा अध्यक्षले त्यस्ता सामग्री तथा उपकरण तत्काल सञ्चालन गर्न निर्देशन दिन सक्नेछ ।

तर त्यसरी सञ्चालन गर्न दिएको निर्देशनको सम्बन्धमा दफा ७ को उपदफा (१) बमोजिमको समितिको लगत्तै बसेको बैठकमा जानकारी गराउनु पर्नेछ ।

९. <u>प्रहरी कार्यालयको काम, कर्तव्य र अधिकार</u>: सेवा केन्द्र सञ्चालनका लागि समितिबाट प्राप्त उपकरण सञ्चालनको जिम्मेवारी प्रहरी कार्यालयको हुनेछ । यसका अतिरिक्त प्रहरी कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिबाट प्राप्त उपकरणको उचित भण्डारणको व्यवस्था मिलाउने,

(ख) भण्डारणमा रहेका उपकरणहरुको सुरक्षा तथा संरक्षण गर्ने,

(ग) सेवा केन्द्र सञ्चालनका लागि उपलब्ध रहेका एम्बुलेन्स, वारुणयन्त्र, प्रहरी भ्यान लगायतका उपकरण सञ्चालन सम्बन्धमा समितिबाट प्राप्त निर्देशनको तुरुन्त पालना गर्ने,

(घ) खण्ड (ग) बमोजिमको निर्देशन प्राप्त नभई सेवा केन्द्रमा रहेका एम्बुलेन्स, बारुणयन्त्र, प्रहरी भ्यान लगायतका उपकरण सञ्चालन नगर्ने,

तर एम्बुलेन्स, बारुणयन्त्र तथा भ्यान लगायतका उपकरण तत्काल सञ्चालन नगर्दा मानवीय तथा भौतिक सम्पत्तिको ठूलो हानी नोक्सानी हुने सम्भावना भई निर्देशन पाउन समय लाग्ने भएमा सम्बन्धित प्रहरी कार्यालय प्रमुखले सञ्चालन गर्न सक्नेछ र त्यसरी सञ्चालन गरिएको जानकारी सकेसम्म छिटो माध्यमद्वारा समितिको अध्यक्षलाई दिनुपर्नेछ।

(ङ) सेवा सञ्चालनका लागि अन्य सुरक्षा निकाय र सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(च) दफा ५ बमोजिमको निर्देशक तथा अनुगमन समितिले दिएका निर्देशन पालना गर्ने,

(छ) मन्त्रालयले सेवा केन्द्र सञ्चालनका सम्बन्धमा दिएको निर्देशन पालना गर्ने, गराउने।

## परिच्छेद-३
## <u>विविध</u>

१०. <u>कोषको स्थापना तथा सञ्चालनः</u> सेवा केन्द्र सञ्चालनका लागि स्थानीय तहले छुट्टै कोषको स्थापना गर्न सक्नेछ ।

११. <u>जनशक्ति सम्बन्धी व्यवस्थाः</u> सेवा केन्द्रका सामग्री तथा उपकरण सञ्चालनका लागि आवश्यक जनशक्ति प्रदेश प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तहले समन्वय गरी व्यवस्थापन गर्नु पर्नेछ ।

१२. <u>बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः</u> यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्चन आई परेमा मन्त्रालयले वाधा अड्चन फुकाउन सक्नेछ ।

१३. <u>कार्यविधिमा संशोधनः</u> यस कार्यविधिमा प्रदेश सरकारले आवश्यक संशोधन गर्न सक्नेछ।